मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

उदाउँदै एजाज: पृष्ठ २

◆ वर्ष : २६ ◆ अङ्क : ९० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन ४ गते मंगलवार (Tuesday, February 16. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-






## ‘प्रधानमन्त्रीबाटै संविधानको व्यवस्थामा आगो लगाउने खतरा’

पार्थ मण्डल

**झापा, फागुन ३।** नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले प्रधानमन्त्री केपी शर्मा ओलीबाट संविधानले गरेको तमाम व्यवस्थालाई आगो लगाउने खतरा बढेको सङ्केत गरेका छन् ।

प्रधानमन्त्री ओलीकै गृह जिल्लामा असंवैधानिक र अलोकतान्त्रिक प्रक्रियाबाट गरिएको प्रतिनिधिसभा विघटनबिरुद्ध सदरमुकाम भद्रपुरमा सोमबार आयोजित वृहत् विरोध सभालाई सम्बोधन गर्दै नेता सिटौलाले भने- ‘प्रधानमन्त्रीलाई सनक चढ्यो, लहड चल्यो, आफ्नो पार्टीभित्र झगडा भयो, संसद् विघटन गरिदिनुभयो ? त्यसैले प्रधानमन्त्रीबाटै संविधानलाई बिस्तारै बिस्तारै आगो लगाउने खतरा बढ्यो ।’

‘घरभित्रको झगडा र भागबण्डाको विषयमा बाहिर आएर पाखुरा सुर्केर, तरबार उठाएर, आगो लगाउन पाइन्छ सार्वजनिक सम्पत्तिहरूमा ?- नेता सिटौलाले भने- ‘प्रधानमन्त्रीले अहिले त्यस्तै गर्नुभयो, पार्टीभित्र कुरा नमिलेपछि आफ्नो रिस, झोंक र आवेगलाई नेपाली जनताको निर्वाचित संस्था संसदमाथि पोख्नुभयो, संसद् विघटन गर्नुभयो ।’

नेपाली जनताले बगाएको रगत कम्युनिस्ट पार्टी, नेता र कार्यकर्ताको स्वार्थ लागि नभएको बताउँदै सिटौलाले भने- ‘संविधानमाथि गरेको अतिक्रमण



प्रधानमन्त्री आफैंले फिर्ता लिए देश र जनताको पक्षमा हुन्छ, त्यसलाई कांग्रेस पार्टीले पनि स्वागत गर्छ ।’

उनले भने- ‘कांग्रेसको तर्फबाट खुला दिलबाट भन्न चाहन्छु, प्रधानमन्त्रीज्यू तपाई मती सुधार्नुहोस्, दिल सुधार्नुहोस्, तपाईंको मन शुद्धिकरण गर्नुहोस्, तपाईंको सानो दिल भएको स्वार्थको घेराबन्दीमा काम गरेर देश बन्दैन, तपाईंको भाषणले संवैधानिक निकायहरू स्वच्छ र निष्पक्ष रुपमा काम गर्न सक्दैनन् ।’

‘प्रधानमन्त्रीज्यू, तपाईंले अहिलेसम्म गरेका कमीकमजोरीलाई आत्मालोचना गर्नुहोस्, आफैंसँग संवाद गर्नुहोस्, तपाई अरूलाई ढाँट्न सक्नुहुन्छ, तर आफ्नो आत्मालाई कहिल्यै ढाँट्न सक्नुहुन्न’- उनले भने । लोकतान्त्रिक संविधानबाट बनेको सर्वोच्च अदालतको फैसला जनताको पक्षमा आउने विश्वास व्यक्त गर्दै उनले भने- ‘संसद् पुनर्स्थापना भएन भने २०४७ सालको संविधान जस्तै वर्तमान संविधान पनि रहँदैन र देशमा ठूलो सङ्कटमा फस्छ ।’

निर्मला पन्त र भागरथी भट्टको हत्यारालाई पानी मुनिबाट निकालेर भए पनि अपराधी पक्राउ गर्छु भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको भाषणले जनताको चित्त नबुझ्ने बताउँदै उनले भने- ‘निर्मला र भागरथी जस्ता धेरै घटना छन्, जुन दबेर बसेका छन्, उठेका छैनन्, त्यसतर्फ सरकारको ध्यान गएको छैन ।’

कांग्रेसका जिल्ला सभापति उद्धव थापाको अध्यक्षतामा भएको विरोध सभा कांग्रेसका केन्द्रीय सदस्य सुधीरकुमार शिवाकोटी, भारतेन्दुकुमार मल्लिक, जिल्ला सदस्य दिलीप राई लगायतले प्रधानमन्त्रीको संसद् विघटनको कदम नेपाली जनताको लागि दुर्भाग्यपूर्ण भएकोले सर्वोच्च अदालतले त्यसलाई पुनर्स्थापना गराउनेमा विश्वस्त रहेको बताए । स्वागत मन्तव्य क्षेत्रीय सभापति गणेश पोखरेलले राखेको कार्यक्रमको सञ्चालन जिल्ला सचिव प्रेम सम्वाहाम्फेले गरेका थिए । विरोधसभामा जिल्लाका सबै निर्वाचन क्षेत्रबाट सयौं कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

## हात्ती आक्रमण र करेन्ट लागेर दुई जनाको मृत्यु

**भद्रपुर, फागुन ३।** झापामा जङ्गली हात्तीको आक्रमणबाट सोमवार एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा साबिक पृथ्वीनगर गाविस हाल भद्रपुर नगरपालिका-२ स्थित गौरीशङ्कर बस्ने अन्दाजी ५० बर्षीया सीता दाहाल रहेको प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

प्रहरीका अनुसार कमलधाप राम पोखरी सामुदायिक वनमा सोमबार दिउँसो गाउँले साथीभाइसँग घाँस काट्न जङ्गल पसेकी उनलाई हात्तीले आक्रमण गरेको थियो । हात्तीको आक्रमणबाट उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । उनको शवलाई कानूनी प्रक्रिया पूरा गरी पोस्टमार्टमका लागि मेची प्रादेशिक अस्पताल पठाइएको छ । केही दिनदेखि जलथलको चारकोशे जङ्गलबाट निस्किने जङ्गली हात्तीले त्यस क्षेत्रमा आतङ्क मच्चाउँदै आएका छन् । आहारको खोजीमा गाउँघर निस्किँदै आएका हात्तीले दर्जनौ घर भत्काइसकेको स्थानीयले बताएका छन् ।

यसैबीच सप्तरीको शम्भुनाथ-४का २२ बर्षीय रोहित साहको करेन्ट लागेर मृत्यु भएको छ । शम्भुनाथ घर भएका साह विगत केही समयदेखि मोरङ मिक्लाजुङ-६स्थित मिक्लू खोलामा निर्माणाधीन पुलमा ज्यामीको काम गर्दै आइरहेका थिए ।

कामकै सिलसिलामा मोटर चलाउने क्रममा अचानक बिद्युत् सट भई करेन्ट लाग्दा उनी गम्भीर घाइते भएका थिए । उनको उर्लाबारीस्थित मंगलबारे अस्पतालमा उपचारको क्रममा अपरान्ह ४ बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## कैदीबन्दीलाई जेसीजले दियो कपडा र प्याड



**बिर्तामोड, फागुन ३।** जिल्ला कारागार झापामा वीरता जेसीजले सोमबार ब्ल्याङ्केट, लत्ताकपडा र सेनेटरी प्याड प्रदान गरेको छ ।

वीरता जेसीजले भद्रपुर कारागारमा रहेका बन्दीहरुका लागि ५५ हजार मूल्य बराबरको सामग्री वितरण गरेको महासचिव लोकचन्द्र श्रेष्ठले जानकारी दिए । वीरता जेसीजका अध्यक्ष राजीव धिमालको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि भद्रपुर कारागारका प्रमुख राजेन्द्रकुमार गौतम रहेका थिए ।

नेपाल जेसीज पूर्व उपाध्यक्ष राजेन्द्र चौलागाईं, वीरता जेसीज पूर्व अध्यक्ष हेम खड्का, कारागार सुरक्षा प्रमुख भूवन कार्की, आन्तरिक प्रशासन प्रमुख (महिला) कसम गहतराज, (पुरुष) मोहन धितालको आतिथ्य रहेको कार्यक्रमको संयोजन वीरता जेसीजका खेलकुद संयोजक दीपेन धिमालले गरेका थिए ।

आस्था वाचन आशिम ज्वयल श्रेष्ठ र दीपेन धिमालले स्वागत गरेको कार्यक्रममा अन्तरशाखा संयोजक जीवन खड्काले धन्यवाद ज्ञापन गरेका थिए । कार्यक्रमको सञ्चालन महासचिव श्रेष्ठले गरेका थिए ।

## मलेशियामा नेपालीले पाउने क्षतिपूर्ति नेपालमै दिलाइने

**झापा, फागुन ३।** मलेशियामा काम गरिरहेका श्रमिकहरूले पाउने सामाजिक सुरक्षा बापतको सुविधा तथा क्षतिपूर्ति नेपाल ल्याउन पाउने बारेको समझदारीपत्रमा छिट्टै हस्ताक्षर हुने वैदेशिक रोजगार बोर्डका अधिकारीहरूले बताएका छन् ।

केही दिनमै समझदारीपत्र मलेशिया पठाइने र मलेशियाको सामाजिक सुरक्षा संस्था सोक्सोले त्यसमा मञ्जुरी दिएलगत्तै कार्यान्वयनमा आउने उनीहरूको भनाइ छ । हालसम्म वैधानिक रूपमा मलेशियामा रहेका झण्डै तीन लाख नेपाली कामदार सोक्सोमा आबद्ध रहेको मलेशियास्थित नेपाली दूतावासका अधिकारीहरूले जनाएका छन् ।

**परिवारसम्म पुऱ्याउन समझदारी**

मलेशिया सरकारले आप्रवासी कामदारलाई पनि सामाजिक सुरक्षा दिनेगरी कानून बनाएको एक वर्षभन्दा बढी भइसकेको छ ।

तर उक्त सामाजिक सुरक्षाअन्तर्गत दर्ता भएका नेपाली कामदारले पाउने सुविधा र क्षतिपूर्ति नेपालमा उनीहरूको परिवारसम्म पुऱ्याउने माध्यमको टुङ्गो लाग्न सकेको थिएन ।

हालै मन्त्रिपरिषद्ले मलेशियाको सामाजिक सुरक्षा संस्था सोक्सोसँग समझदारी गर्ने अधिकार वैदेशिक रोजगार बोर्डलाई दिएको छ । अब बोर्डले त्यस्तो



सुविधा र क्षतिपूर्ति आफ्नो संस्थामार्फत् पीडित परिवारसम्म पुऱ्याउने गरी समझदारी गर्नुपर्नेछ ।

त्यसका लागि लामो समय कुर्नुपर्ने अवस्था नरहेको बोर्डका सूचना अधिकारी दीनबन्धु सुवेदीले बताए । उनले भने- हामीले यहाँबाट समझदारीपत्रको प्रस्ताव पठाउँछौं । त्यसपछि उहाँहरूले त्यसको अध्ययन गर्नुहुन्छ अनि हामी हस्ताक्षर गर्छौं । यसको सुरुवात भइसकेको छ । पत्राचार गर्ने समयबाहेक ढिलो हुँदैन । फेब्रुअरी महिनाभन्दा बढी लाग्दैन- उनले भने ।

**क्षतिपूर्ति तथा उपचार खर्च**

नेपालबाट वैधानिक रूपले गएका कामदारहरूले नेपालका तर्फबाट पाउने सुविधा र क्षतिपूर्ति पनि वैदेशिक रोजगार बोर्डमार्फत् नै पाउने गरेका छन् ।

मलेशियास्थित नेपाली दूतावासका अधिकारीहरूले नेपालबाट पठाइने समझदारीपत्रको पर्खाइमा रहेको जनाएका छन् । धेरैजसो नेपाली कामदार मलेसियाको सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध भइसकेको दूतावासका श्रम मामिला हेर्ने काउन्सिलर दीपक ढकालको भनाइ छ ।

उनले भने- यहाँ काम गरिरहेका लगभग दुई लाख ९८ हजार हाम्रा नेपाली श्रमिकहरू यहाँको सामाजिक सुरक्षा सम्बन्धी निकाय सोक्सोमा आबद्ध भएको जानकारी हामीलाई गराइएको छ । सोक्सोबाट पाउने जेजति लाभ हो त्यो पाउन उनीहरू योग्य भएरै बसेका छन् । अवैधानिक रूपमा रहेका कामदारको हकमा मात्रै समस्या हो ।

सोक्सोमा दर्ता भएका कामदारहरूको कुनै कारणवश अङ्गभङ्ग भएमा वा बिरामी भएमा उनीहरूलाई क्षतिपूर्ति तथा औषधि उपचार खर्च दिने व्यवस्था रहेको छ । मृत्यु भएमा श्रमिकका आश्रितलाई क्षतिपूर्तिस्वरूप मृत्यु हुँदाको बखत श्रमिकले पाइरहेको तलबको ९० प्रतिशत रकम मासिक पेन्सनको रूपमा दिइने अनि शव व्यवस्थापन र अन्तिम संस्कारको खर्चको हकमा मलेशियामै दाहसंस्कार गरिएमा वा शव नेपाल ल्याएमा फरक-फरक रकमको व्यवस्था रहेको अधिकारीहरूको भनाइ छ । *बीबीसी*

## आज सरस्वती पूजा

**झापा, फागुन ३।** आज सरस्वती पूजा । प्रत्येक वर्ष माघ शुक्ल पञ्चमीका दिन श्रीपञ्चमी पर्व विद्याकी देवी सरस्वतीको पूजा आराधना गरी मनाइन्छ ।

आजकै दिन साना बालबालिकालाई अक्षरारम्भ गराइन्छ । सरस्वतीलाई महाविद्या, महावाणी, भारती, वाक्, शारदा, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, धीश्वरी नामले समेत सम्बोधन गरिन्छ । विशेषगरी शिक्षण संस्थामा विद्यार्थीले महत्वका साथ यो पर्व मनाउँछन् ।

ऋतुहरूको राजा बसन्तको शुरुवात हुने दिन भएकाले आजको दिनलाई वसन्त पञ्चमी पनि भनिन्छ । वसन्त ऋतु आगमनको उपलक्ष्यमा राष्ट्राध्यक्षले वसन्तपुर गई वसन्त श्रवण गर्ने परम्परा छ ।

एकपटक ऋतुराज वसन्तलाई अन्य पाँच ऋतुले आठ/आठ दिनसम्म भेट गरेका थिए । पाँच ऋतुले गरी ४० दिन भेट गरेकाले बसन्त ऋतु शुरु हुने चैतकृष्ण प्रतिपदाभन्दा ४० दिनअघि माघ शुक्ल पञ्चमीकै दिन बसन्त पञ्चमी मनाउन थालिएको हो । यसै समयदेखि वसन्तराग गाउन थालियो ।

संगीत, कला, साहित्य र विद्याकी खानी सरस्वतीको आज विधिपूर्वक पूजा आराधना गरी स्तोत्र पाठ गरेमा पढ्न आउँछ भन्ने धार्मिक विश्वास छ ।

श्वेत वस्त्र धारण गरेकी, गोरो वर्णकी, सदा मुस्कुराइरहेकी, सर्वोत्तम रत्नद्वारा

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक डाक्टरबाट OPD, पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा उपचार हाडजोर्नी, नशा, पारालाइसिस, मसाजद्वारा उपचार । **सम्पर्क :** ९८०६०००३१३/०२३-५९०१६६

## भर्नादर ९३, साक्षरता दर ८५%

**झापा, फागुन ३।** कोरोना महामारीको जोखिमबीच वर्तमान सरकारले तीन वर्षका अवधिमा शिक्षा र सञ्चार क्षेत्रको पहुँच विस्तारमा उल्लेखनीय प्रगति हासिल गरेको छ ।


सो अवधिमा आधारभूत तह (कक्षा १-८) को विद्यार्थी खुद भर्नादर ९२.३ प्रतिशतबाट वृद्धि भई ९३.४ प्रतिशत पुगेको छ भने माध्यमिक तह (कक्षा ९-१२) को खूद भर्नादर ४३.९ प्रतिशतवाट ४७.६ प्रतिशत पुगेको छ ।

छ वर्षमाथिको साक्षरता दर ७८ प्रतिशतबाट ८५ प्रतिशत पुगेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् (सीटीइभिटी) अन्तर्गत सञ्चालित शिक्षालय २९२ स्थानीय तहमा पुगेका छन् । यस्ता शिक्षालयको संख्या ५७० बाट एक हजार ४२ पुगेको छ । तीन शिक्षालयबाट ६५ हजार ४९७ जनाले तालिम प्राप्त गरेको सरकारले जनाएको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारको तीन वर्ष प्रवेशका अवसरमा आज गर्नुभएको सम्बोधनमा शिक्षाका सन्दर्भमा आफूले गत वर्ष संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ)को विश्व प्रतिवेदनमा उल्लेखत ‘अ वर्ल्ड रेडी टु लर्न’ लाई उल्लेख गरेको स्मरण गर्दै प्रतिवेदनमा सन् २००० पछिका १७ वर्षमा नेपालको विद्यालय भर्नादर १२ प्रतिशतबाट ८६ प्रतिशत पुगेको भनी प्रशंसा गरिएको जनाए । शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ र आम्दानीलगायत अन्य आर्थिक सामाजिक पक्षको स्थिति समेटेर राष्ट्रसंघीय विकास कार्यक्रमले प्रकाशन गरेको मानव विकास प्रतिवेदन, २०२० ले नेपालको सूचकाङ्क तीन वर्षका अवधिमा ५.३ प्रतिशतले वृद्धि भएको उल्लेख गरेको छ । सो सूचकाङ्कले कोभिड-१९को महामारीबीच पनि नेपालमा गरीबी नबढेको सङ्केत गरेको सरकारको बुझाइ छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिक्षण संस्थाको भौतिक पूर्वाधार तथा सिकाइ सुविधामा सुधार ल्याउने उद्देश्यले आर्थिक वर्ष २०७६/०७७ देखि सो कार्यक्रम प्रारम्भ भएको छ ।


## वृद्ध मानिस हराएको सूचना



झापा बिर्तामोड न. पा. ३ आदर्श नगर बस्ने वर्ष ७६ को खैरो रंगको ज्याकेट, पहेंलो रंगको भेष्ट, खैरो रंगको ट्र्याक लगाएको, चेप्टो अनुहार भएको, बायाँ हातमा खत भएको **देवधारी चौधरी** नाम गरेको वृद्ध मानिस यही २०७७ फागुन १ गतेदेखि हराइरहेको हुँदा देख्नु वा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौं ।

**सम्पर्क : ९८२५९५२०८८/९८१५९३५९०८**

**अक्षरारम्भ ! अक्षरारम्भ ! अक्षरारम्भ !**





यही फागुन ४ गते मंगलबार वसन्त पञ्चमी (सरस्वती पूजा) का दिन यस बाल्मीकि एजुकेशन फाउण्डेशनले साना नानीहरुलाई अक्षरारम्भ गराउने भएकोले इच्छुक अभिभावकज्यूहरुले आफ्ना नानीहरुलाई निम्न समयमा उपस्थित गराई सरस्वतीको आशीर्वाद ग्रहणसहित अक्षरारम्भ गराउनुहुन हार्दिक अनुरोध गर्दछु ।

समय: बिहान ९:३० बजेदेखि दिउँसो १:०० बजेसम्म ।


स्थान: **बाल्मीकि एजुकेशन फाउण्डेशन**, बिर्तामोड नपा-१

सम्पर्क नं. : ०२३-५४०१९५/५४२८२०

- प्रिन्सिपल

# झापाका किसानले माघमै धान रोपे

विष्णुप्रसाद पोखरेल



**दमक, फागुन ३।** अन्नको भण्डार भनेर चिनिएको झापामा माघ/फागुनमा नै धान रोप्ने काम शुरु भएको छ।

पछिल्लो समयमा किसानले जिल्लामा तीन बालीसम्म धान लगाउन थालेका छन् भने नयाँ प्रविधिको प्रयोग पनि बढ्दो अवस्थामा छ।

उत्पादन लागत कम गर्ने र तीनपटकसम्म धानबाली लगाउन किसानहरु तत्पर देखिएपछि यसले उत्पादनको क्षेत्रमा सकारात्मक प्रभाव पार्ने बताइएको छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत धान सुपरजोन कार्यक्रम लागू भएसंगै किसानहरु बोरो धान खेतीतर्फ आकर्षित बन्दै गएका छन्।

चक्लाबन्दी खेती पकेट योजना अन्तर्गत कचनकवल-४ फेर्कागाछीमा रहेको हरित कृषक समूहमार्फत अहिले धान रोपाइँ भएको हो। राईस प्लान्टर (धान रोप्ने मेसिन) बाट धान रोप्नका लागि त्यसै अनुसारको धानको बीऊ तयार पारेर समूहले धान रोपेको हो। परम्परागत रुपमा बीऊ राखेर र प्लान्टरका लागि बेग्लै बीऊ राखेर बोरो धान लगाइएको समूहका अध्यक्ष कन्हैयालाल गणेशले बताए।


प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइमार्फत १ सय २० हेक्टरभन्दा बढी क्षेत्रमा बोरो धान खेती भएको एकाइ प्रमुख रवीन्द्र सुबेदीले जानकारी दिए। मंसीर महिनामा बीऊ राख्ने र माघ अन्तिम सातासम्म रोप्ने कार्य भएको उनको भनाइ छ।

बोरो धान खेतीको उद्देश्य सकेसम्म तीन बाली लगाउन भएको पनि सुबेदीले बताए। सुपरजोन क्षेत्रमा सिञ्चाईका लागि सोलार प्रणाली जडान भएको क्षेत्रमा विशेष गरेर बोरो धान रोपाइँ भएको छ। चैते धानभन्दा अघि बीऊ राखेर धान रोपिएको अवस्थामा यसलाई बोरो भनिँदै आएको छ। चैते धान रोप्नका लागि बीऊ राख्ने समय फागुन दोश्रो सातादेखि शुरु हुन्छ। झापा जिल्लामा कार्यान्वयनमा आएको धान सुपरजोन क्षेत्रको पूर्वाधार स्थिति, उत्पादन तथा उत्पादकत्व स्थिति, यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको स्थिति साथै आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको स्थिति र कृषकले अवलम्बन गरको प्रविधिलाई दिगोपना तथा प्रतिस्पर्धाका स्थितिका आधारमा करिब ५ सय हेक्टरभन्दा बढी धानको क्षेत्रफल ढाक्ने गरी धान सुपरजोन ४ वर्षअघि स्थापना भएको थियो।

कचनकवलसहित केही क्षेत्र समेटेर शुरु भएको धान सुपरजोन अहिले जिल्लाभर ४१ सय हेक्टर क्षेत्रफल विस्तार भएको पनि सुबेदीले बताए। सोसँगै जिल्लामा बोरो खेतीको सम्भावना पनि बढेको उनको भनाइ छ। पुरानो धान सुपरजोन क्षेत्रभित्र बोरो खेती बढी गरेको देखिन्छ- उनले भने।

# लक्ष्मीपुरमा अन्तर्राष्ट्रियस्तरको सैलुन

विनोद पाण्डे



**चारपाने, फागुन ३।** कनकाई-८ लक्ष्मीपुरमा अन्तर्राष्ट्रियस्तरीय सेवासहित आर एण्ड आर सैलुन सञ्चालनमा आएको छ। स्थानीय व्यवसायी मोहन लुइँटेल र उनका छोरा रोहन लुइँटेलले सुविधायुक्त सैलुन सञ्चालनमा ल्याएका हुन्।

आफ्नै ठाउँमा केही गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको सैलुनमा सेवा लिनको लागि युवा पुस्ताहरुमा आर्कषण बढेको सञ्चालक लुइँटेलको भनाइ छ। १० लाखभन्दा बढी लगानीमा शुरु गरिएको सैलुनमा फराकिलो स्थान, आधुनिक उपकरण र ब्राण्डेड वस्तु मात्र प्रयोगमा ल्याइएको सञ्चालकले बताए। लक्ष्मीपुर, अर्जुनधारा-५ का केही क्षेत्र, चारपाने, घैलाडुब्बा, दुर्गापुरसम्मका सेवाग्राहीहरु सैलुनमा सेवा लिन आउने गरेको सञ्चालक एवम् हेयर डिजाइनर रोहनले बताए।

### आज ...

निर्मित आभूषणले सुशोभित भएकी, चतुर्भुजा भएकी जसमध्ये पहिलो हातमा वीणा, दोस्रोमा पुस्तक, तेस्रोमा स्फटिकको माला र चौथो हात अभय मुद्रामा रहेकी राजहंशमा सवार भएकी देवी सरस्वती हुन् भनी शास्त्रमा बताइएको छ।

बौद्ध धर्मावलम्बीले पनि सरस्वतीलाई बोधिसत्व मञ्जुश्रीका रुपमा ज्ञानको प्रतीक मानेर पूजाआजा गर्छन्। यस दिन बिहानै भक्तिपूर्वक कलश स्थापना गरी पञ्चोपचारले गणेश, सूर्य, अग्नि, विष्णु, शिव आदि देवताको पूजा गरी सरस्वतीको पूजा गरिन्छ।


## बिर्तामोड उद्योग वाणिज्य संघ
### मतदाता परिचय-पत्र लिने बारेको अत्यन्त जरुरी सूचना

बिर्तामोड उद्योग वाणिज्य संघको आगामी ३ बर्षे कार्यकालका लागि मिति २०७७।११।१६ गते अग्रसेन भवनमा सम्पन्न हुने कार्यसमिति निर्वाचनको लागि बिर्तामोड उद्योग वाणिज्य संघले जारी गरेको परिचय-पत्र नै मतदाता परिचयपत्रको रुपमा अनिवार्य गरिएको हुँदा सम्पूर्ण साधारण सदस्य मतदाताहरुले आफ्नो परिचयपत्र यही मिति २०७७ साल फागुन ११ गतेभित्रमा बुझिसक्नु हुन अनुरोधसहित जानकारी गराउँदछौं। उक्त मितिभन्दा पछाडि संघबाट कुनै पनि परिचयपत्र जारी नहुने समेत जानकारीका लागि अनुरोध छ। तसर्थ, समयमा नै परिचय-पत्र बुझ्नुहुन तथा सच्याउनुपर्ने भए फागुन ११ गतेअघि नै सच्याउन हुन पनि अनुरोध छ।

**भेषराज भण्डारी (प्रशान्त)** महासचिव — **कुमार भट्टराई** अध्यक्ष




## सुनको सिक्री दावी गर्ने बारेको सूचना

बिगत केही दिन अगाडि कार्यालयबाट खटिएको प्रहरी टोलीले जिल्ला झापा बिर्तामोड नगरपालिका-५ स्थित मुक्तिचौकबाट सडकमा बेबारिसे अबस्थामा फेला पारी लकेट सहितको सुनको सिक्री अन्दाजी १ तोला बराबरको फेला पारी यस कार्यालयमा सुरक्षित राखिएको छ। यदि कोही कसैको हराएको भएमा बिलसहित यस कार्यालयमा दावी गर्न हुन अनुरोध छ। अन्यथा कानून बमोजिम राजश्व इकाई कार्यालयमा दाखिला हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

**जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोड झापा**
फोन नम्बर ०२३-५३०२९९, ९८५२६९०९००



## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला




अंग्रेजी चलचित्र MULAN

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ। (फोन नं. ०२३-५४६४३६)



## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३


# दशनामी समाजद्वारा सहयोगको आग्रह

**बिर्तामोड, फागुन ३।** आगलागीमा घरसहित लाखौंको धन नष्ट भएका दशनामीहरुको सहयोगका लागि नेपाल दशनामी समाज प्रदेश १ समितिले सबै बन्धुहरुमा आग्रह गरेको छ।

ताप्लेजुङको श्रीजंगा-१ सिनामका शान्तिराम गिरी, टेकनाथ गिरी, दीपेन्द्र गिरी, दीपक गिरीसहितका ५ वटा घरमा आगलागी हुँदा लाखौंको क्षति भएको हो।

उनीहरुको राहतका लागि प्रदेश समितिले देशविदेशमा रहेका दशनामी बन्धुसँग सहयोगको आग्रह गरेका हुन्। त्यसका लागि नेपाल दशनामी समाज प्रदेश १ समितिका अध्यक्ष चन्द्रप्रसाद गिरीको बैंक अफ काठमाडौं बिर्तामोड शाखामा रहेको खाता नं. १५४१०००००७२३५२४ मा सहयोग रकम जम्मा गर्न सकिने प्रदेश १ सचिव प्रेमराज भारतीले जानकारी दिए।


## राहदानी हरायो

काँकरभिट्टाबाट चारआली जाने क्रममा यही मिति २०७७।०८।२७ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- महेन्द्र दाहाल
**ठेगाना**:- मेचीनगर-१०, झापा
**राहदानी नं.**:- ४६३७५८३



## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**



## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



**सम्पर्कः ०२३-५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**



## पसल बिक्रीमा

बिर्तामोडस्थित मेन चोकमा रहेको अति चालू अवस्थाको कस्मेटीक तथा फेन्सी पसल बिक्रीमा छ।

**मो. ९८२३६०३५७८**



## घर बिक्रीमा

अर्जुनधारा-६ महानन्द चोक नेपाली कांग्रेस पार्टी कार्यालय पूर्व ९ ½ धुर जग्गामा ३ तला संरचना, पूर्व मोहडा, पार्किङ सुविधा, भूइँतला टाली, मार्बल भएको घर तु-बिक्रीमा छ।

**सम्पर्कः ९८०७९६५३०९**



## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

महिलाः १० जना पुरुषः २० जना
तलबः आपसी समझदारीमा
कार्यक्षेत्रः झापा जिल्लाभर

**पर्फेक्ट सेक्युरिटी सेन्टर**
सिटी सेन्टर पूर्व, देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।



## कर्मचारी आवश्यकता

होटल होलिडे होम प्रा.लि. बिर्तामोडमा निम्न बमोजिमका कर्मचारीहरुको लागि अन्तवार्ता चलिरहेको छ। इच्छुक व्यक्तिहरुले सिधै होटेलमा आइ अन्तरवार्ता दिनु होला।

१) **पुरुष रेस्टुरेन्ट क्याप्टेनः** १ जना
२) **पुरुष वेटर** : १ जना
३) **पुरुष क्यासियरः** १ जना
४) **पुरुष हाउसकिपिङ असिस्टेन्टः** १ जना

तलबः आपसी समझदारीमा - अनुभवीलाई प्राथमिकता दिइनेछ।
अन्तर्वार्ताको समयः बिहान १० बजेदेखि साँझ ५ बजेसम्म

**अनोज लुइँटेलः** होटल अपरेसन्स मेनेजर
मो.नं. ९८०१५५५५००/०२३-५४६२५८/५९



## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ।*

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ॥

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



चिनारी राजश्व सेवा सेन्टरको सेवा अब हाम्रो झापामा

## हाम्रो सेवा तथा परामर्श

**१) आन्तरिक राजश्व कार्यालयमा हुने कार्यहरुः**
क) कर भुक्तानी/ कर चुक्ता ख) पान नं. सम्बन्धी
ग) कारोबार थप घ) VAT BILL सम्बन्धी काम

**२) घरेलु तथा साना उद्योग कार्यालयमा हुने कार्यहरु**
क) फर्म दर्ता ख) नवीकरण ग) फर्म खरिद/बिक्री

**३) कम्पनी रजिष्ट्रार कार्यालयमा हुने कार्यहरु**
क) कम्पनीको दर्ता ख) नवीकरण ग) नामसारी घ) ठाउँ सारी खरिद

**४) यातायात कार्यालयमा हुने कार्यहरु**
५) कम्पनी, संघ-संस्था, सहकारी तथा फर्महरुको लेखा परीक्षण
६) NTC, NCELL, DISH HOME, INTERNET को रिचार्ज
७) बिजुली, पानीको बिल भुक्तानी
८) फोटोकपी तथा कम्प्युटर सम्बन्धी कार्य अन्य निकायमा, अनलाइन सम्बन्धी कार्यहरु

**चिनारी राजश्व सेवा सेन्टर**
अर्जुनधारा-८ (तुतबारी), झापा
बिर्तामोड-शनिश्चरे रोड, पूर्वार्ध डेरी उद्योग पूर्व (सुशीला सुवेदीको घर)
युवराज सापकोटा (मो. ९८०४९७६५०६), भीम सञ्जेल (मो. ९८४२६४५३७५)




तीन पाउ भूमि दिँदा बली राजा अमर भए
ठूलो पुण्य गर्नुभयो पितृहरु स्वर्ग गए

## भूमि दान, महाअभियान

अर्जुनधारा जलेश्वरधाम आज धार्मिक धरोहर मात्र नभई नेपाल सरकारको पर्यटन बोर्डमा समेत सूचीकृत भइसकेकोले धार्मिक एवम् पर्यटकीय क्षेत्रको बृहत् गुरुयोजनालाई अगाडि बढाउँदै विविध संरचना निर्माण गर्ने क्रममा भूमि पर्याप्त नभएकाले आवश्यक भूमि लिने क्रममा छौ। उक्त महान कार्यको लागि भूमिदानको व्यवस्था गरिएको छ। श्रद्धेय भक्तजनमा सबैलाई सहज हुने गरी न्यून्तम् एक भक्तजनले १ वर्ग फिट भूमिदान गरी यो महान अभियानको सदस्य बनौं।

गुरु योजना



| वर्गफिट | रकम |
|---|---|
| १ वर्ग फिट | ३५० |
| ३ वर्ग फिट | १,०५० |
| ६ वर्ग फिट | २,१०० |
| ९ वर्ग फिट | ३,१५० |
| १५ वर्ग फिट | ५,२५० |
| २१ वर्ग फिट | ७,३५० |
| ३१ वर्ग फिट | १०,८५० |
| ५१ वर्ग फिट | १७,८५० |
| १०१ वर्ग फिट | ३५,३५० |
| १५१ वर्ग फिट | ५२,८५० |
| ५०१ वर्ग फिट | १,७५,३५० |
| १००१ वर्ग फिट | ३,५०,३५० |
| १५०० वर्ग फिट | ५,२५,००० |

सहयोगको सुविधाका लागि
**श्री अर्जुनधारा जलेश्वरधाम**
अर्जुनधारा नगरपालिका-७, झापा

**सम्पर्क नं.: ०२३-४६५२५५ (कार्यालय)**
**९८४२७०६०८३ (गुरु), ९८४२७३१९०५ (का. सचिव**

एक्सेल डेभलपमेन्ट बैंक लि. — खाता : श्री अर्जुनधारा जलेश्वर धाम, खाता नं 00700200038334000002
राष्ट्रिय वाणिज्य बैंक लि. — खाता : श्री अर्जुनधारा जलेश्वर धाम, खाता नं 262000447810(S4478)

अन्तर्राष्ट्रिय सहयोगदाताहरुको लागिः SWIFT CODE: RBBANKPKA



## श्री चम्पापुर माध्यमिक विद्यालय
कनकाई नगरपालिका-६, झापा

## प्रेस विज्ञप्ति

प्रकाशित मिति : २०७७/११/०३

यस श्री चम्पापुर माध्यमिक विद्यालयमा कक्षा-४मा अध्ययनरत् छात्र कृष्ण राजवंशीको असामयिक निधनले विद्यालय परिवार स्तब्ध एवम् मर्माहत भएको छ। शोकको यस घडीमा रहनुहुने शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दै मृतकको आत्माको चिर शान्तिको कामना गर्दछौं। साथै स्व. कृष्ण राजवंशीको निधनसँगै विद्यालयलाई जोडेर कतिपय अनर्गल प्रचारबाजीहरू गरिएको सन्दर्भमा सत्यतथ्य निम्न बमोजिम भएको ब्यहोरा सम्बन्धित सम्पूर्ण अभिभावक, सरोकारवाला तथा सञ्चारकर्मीहरूमा जानकारी गराउँछौं।

- निज विद्यार्थी विद्यालयमा कक्षा नर्सरीमा मिति २०७२/०२/२० मा भर्ना भई र हाल कक्षा-४ मा अध्ययनरत् रहेको,
- मिति २०७७/१०/१८ गते केही शिक्षक काजमा तथा बिदामा बसेको हुनाले पिरियड अफ भएको बेला क्लास कन्ट्रोल गर्न विद्यालयको सहायक कर्मचारी रवीन मगर कक्षा-४ मा गएको,
- मिति २०७७/१०/१९ गते निज विद्यार्थीका अभिभावक शिक्षकले विद्यार्थीको कान तानेकाले गला सुन्निएर बिरामी भएको भनी विद्यालयमा आएको,
- तत्पश्चात् सोही दिन विद्यालयका एक शिक्षकले स्थानीय आधारभूत स्वास्थ्य केन्द्रमा उपचारको लागि लगेको र विद्यार्थी पुनः विद्यालय आई अध्ययनमा सरिक भएको,
- निज विद्यार्थी अझै सन्चो भएको छैन भनी निजको काकाले जानकारी गराए पश्चात् मिति २०७७/१०/२० गते विद्यार्थीलाई कर्मचार रवीन मगरले विद्यार्थीको ठूलो बुबाको छोरा बसन्त राजवंशीसहित कामेश मेडिको सुरुङ्गा लगी उपचार गराएको।
- तत्पश्चात् विद्यार्थीको अभिभावकले विद्यार्थीको बारेमा विद्यालयमा कुनै जानकारी नगराएको र विद्यार्थी विद्यालयमा २०७७/१०/२० देखि अनुपस्थित रहेको,
- मिति २०७७/१०/२३ गते विद्यार्थी निमोनियाको कारण सिकिस्त बिरामी भई बि एण्ड सी अस्पताल, बिर्तामोडमा उपचाररत रहेको जानकारी साँझ ५ बजे प्राप्त भएपछि कनकाई न.पा.वडा नं ६का वडाध्यक्षसहितको ४ सदस्यीय विद्यालयको टोली बि. एन्ड सी.अस्पताल पुगी अभिभावकसाग भेटघाट गरी विद्यार्थीको उपचारमा संलग्न डाक्टरहरुसँग परामर्श गरी राति ९:०० बजे फर्किएको,
- बिरामीलाई PICU मा भेन्टिलेटरमा राखेर उपचार थालिएको,
- मिति २०७७/१०/२४ गते वि.व्य. समितिको अध्यक्ष र प्र.अ. सहितको टोली बि एण्ड सी हस्पिटल गएको र बिरामीको अवस्था बुझेको र अभिभावकसँग भेटघाट गरी फर्किएको,
- मिति २०७७/१०/२५ गते विद्यालयमा व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सल्लाहकार सहितको बैठक बसी बिरामीको अवस्था बुझ्न वडाध्यक्षसहितको विद्यालयको टोली बि एण्ड सी हस्पिटल गएको एवं बिरामीको अभिभावकसहित उपचारमा संलग्न डाक्टरसँग परामर्श गरेको र बिरामी कडा खालको निमोनियाबाट सिकिस्त रहेको र ७२ घण्टा पश्चात् मात्र बिरामीका बारेमा यसै भन्न सकिने अवस्था रहेको कुराको जानकारी डाक्टरबाट प्राप्त भएको ,
- बिरामीको आर्थिक अवस्था अत्यन्त कमजोर भएकाले बिरामीको अभिभावकको आग्रहमा शिक्षक कर्मचारीहरुले व्यक्तिगत रुपमा चन्दा सङ्कलन गरी जम्मा रु. ५०,०००।- (पचास हजार) सहयोग उपलब्ध गराउन मिति २०७७/१०/२७ गते विद्यालय व्यवस्थापन समिति अध्यक्ष र सदस्य बि एण्ड सी हस्पिटल पुगी सहयोग उपलब्ध गराउँदा सम्बन्धित पक्षले अस्वीकार गरी फर्काइदिएको र उपचारमा खर्च भएको सम्पूर्ण रकम विद्यालयले उपलब्ध गराउनु पर्ने माग गरेको,
- २०७७/१०/२८ गते ११ बजे विद्यालयमा विद्यार्थीको अभिभावक सहितको बैठक बसी विद्यालयले निश्चित रकम सहयोग उपलब्ध गराउने सहमति भए बमोजिम विद्यालयको टोली बि एण्ड सी. पुग्दा बिरामीलाई नोवेल मेडिकल हस्पिटल, विराटनगर लैजान अभिभावकले तयार गरेको र विद्यालयले रु. ५०,०००।- सहयोग उपलब्ध गराएको,
- २०७७/१०/२८ गते साँझ उपचारको क्रममा बिरामीको नोबेल मेडिकल हस्पिटल, विराटनगरमा निधन भएको तथा सोही साँझ विद्यालयका कर्मचारी रवीन मगरलाई प्रहरीले नियन्त्रणमा लिई हालसम्म प्रहरी नियन्त्रणमा रहेको ।

*अन्त्यमा, यस घटनासँगै जोडिएका सम्पूर्ण अनुसन्धानमा विद्यालयको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्दछौं।*

**भीष्मभूषण सिटौलाः** विव्यस अध्यक्ष — **विष्णुप्रसाद कोइरालाः** प्रधानाध्यापक



## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## लगानको सुखद् परिणाम

**दृढता, लगन र उत्साह भए ढुङ्गामा पनि सृजना गर्न सकिन्छ । चट्टान फोरेर पीपल उम्रिन्छ र देश–दुनियालाई स्वच्छता, सौन्दर्य र अनुकूलता प्रदान गर्छ । प्रकृतिले दिएका प्रत्येक वस्तु, जीव र वनस्पति एकअर्काका पूरक छन् । ती प्रत्येकले आ–आफ्नो विशेषता अनुसार मानिसका अनन्त आवश्यकता पूरा गर्न सहयोग गर्छन् । त्यसमाथि नेपाल जैविक विविधतायुक्त देश हो । जसको सानो भूगोलमा अथाह स्रोत छन्, चलाउन उपयोग गर्न जानेमा सबै श्रीखण्ड हुन्, नजान्दा पनि 'खुर्पाको विंड' बनाउन सकिन्छ । विश्वका अनेक दुर्लभ वन्यजन्तु र वनस्पतिको समृद्ध घर हो नेपाल, जसले सौन्दर्य मात्र दिएको छैन, नआइ नहुने गन्तव्य नै बनाएको छ । तर, हामी धेरैले उपलब्ध प्राकृतिक स्रोतको उपयोगिता र महत्व नबुझेर, तिनमा विद्यमान अमूल्य विशिष्टता थाह नपाएर 'कौडी'मा मिल्काइरहेका छौं ।**

**श्रीखण्ड र खुर्पाको बिंडको भेद नछुट्टिएका कतिपय स्रोत अझै हाम्रा लागि मूल्यहीन नै छन् । केही पहिचान भएका वनस्पतिहरुको चोरी निकासी भइरहेको छ । जसको माध्यमबाट औषधि, श्रृंगारका साधन र खाद्य परिपूरक वस्तु तयार गरी आम्दानीको दह्रो स्रोत नै बनाइएको छ । यस्ता बहुउपयोगी वनस्पतिको उपयोग गर्दै झापाको शिवसतासी–१० माईधारमा नेपाली कागज उद्योग स्थापना गरिएको छ । दीपक शिवाकोटी नाम गरेका एक उत्साही युवाले पहाडी प्रदेशमा उपलब्ध लोक्ता, बाबियो जस्ता वनस्पति संकलन गरी उद्योग सञ्चालन गरेका हुन् । आफ्ना मामाले ललितपुरमा उद्योग सञ्चालन गरेको देखेर, त्यसबाट प्रेरीत भएर कागज उद्योगको स्थापना गरेको उनले बताएका छन् । 'देखासिकी गरी खा' यो उखान शिवाकोटीको जीवनमा प्रयोग भएको छ ।**

**विगत आठ वर्षदेखि नेपाली कागज उत्पादन गर्दै आएका शिवाकोटीले विदेशको रोजगारी समेत गर्न भ्याइसकेका छन् । साउदी अरबमा सात वर्ष काम गरेका उनी अब स्वदेशमै केही गर्छु भन्ने अठोट लिएर फर्किए । मामाको कागज उद्योगबाट प्रभावित उनले शुरुमा नौ लाख रुपैयाँ लगानी गरी उद्योग सञ्चालन गरे । उद्योग सञ्चालनको शुरुका वर्षमा निराशा हात लागे पनि आँट र दृढतालाई मर्न दिएनन् उनले । फलतः आज उनी विराटनगर, धरान, पोखरा जस्ता शहरहरुमा मात्र सीमित छैनन्, काठमाडौंसम्म पहिचान बनाउन सफल भएका छन् । छ जना महिला र पाँच जना पुरुषलाई प्रत्यक्ष रोजगारी दिएका उनले उद्योगका लागि आवश्यक कच्चापदार्थ पहाडबाट ल्याउने गरेका छन् । पूर्वी नेपालको हिमाली जिल्ला ताप्लेजुङसँगै पाँचथर र इलामबाट समेत लोक्ता, बाबियो लगायतका कच्चा पदार्थ ल्याइने भएकाले त्यहाँका बासिन्दालाई पनि आम्दानीको स्रोत भएको छ– उनको उद्योग । हाल जापानिज कागज समेत उत्पादन हुँदै गरेको उनको जस्तै झापामा दुई दर्जनभन्दा बढी उद्योग छन् । नेपाली कागजको नष्ट नहुने गुणले गर्दा अभिलेख राख्नुपर्ने कार्यालयहरुले नेपाली कागजको अनिवार्य प्रयोग गर्छन् । धैर्य, दृढता, लगन र सिप भए घरमै बसेर विदेश कै कमाइ गर्न सकिने उदाहरण बनेका शिवाकोटीबाट अरुले पनि सिक्न जरुरी छ ।**

# झाँक्रीको विचार र अभिव्यक्ति स्वतन्त्रताको सवाल



तीर्थराज खरेल

केही समयदेखि माधव नेपाल र पुष्पकमल दाहाल (प्रचण्ड)ले नेतृत्व गरेको नेकपाकी युवा नेतृ रामकुमारी झाँक्री सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीका विरुद्धमा अभिव्यक्ति दिएर चर्चामा छन् । झाँक्रीले गोरखाको कार्यक्रममा बोलेको भिडियो पनि केही समयदेखि भाइरल भएको थियो । 'राष्ट्रपतिका कुरा त के गर्नु ? म बडामहारानीलाई गोरखाबाटै सन्देश दिन चाहन्छु- निर्वाचनको तयारीका लागि सुख-सुविधा, ऐस-आराम छाडेर, शीतल निवास छाडेर पहिला कोटेश्वरमा आउनुस्, चाबहिल कि कता बानेश्वरतिर बसाइ छ भन्ने सून्या छु, होइन भने बालकोटै गए पनि हुन्छ । नेपालको कुन जिल्लाबाट चुनाव लड्ने हो ? त्यसको तयारी गरेर सन्देश पठाउनुस्, तपाईंसँग म पनि भारी हुन्छु' -झाँक्रीले गोरखामा भनेकी थिइन् ।

नेतृ झाँक्रीले कसैको आलोचना गर्न पाउने संवैधानिक हकको उपयोग गरेकी हुन् कि त्यो भन्दा पनि बढी केही हो भन्ने सवाल मुख्य हो । नेपालमा कानूनभन्दा माथि कोही छैन, सबै नागरिक आलोचनाको परिधिभित्रै रहेका हुन्छन् । तर, यसो भन्दैमा जस्तासुकै अभिव्यक्ति दिनु पनि संवैधानिक र कानूनतः हुन्छ ? प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ । यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक, कुनै भौगोलिक सीमानाको अधिनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकार समेत समावेश छ । अभिव्यक्ति स्वतन्त्रता उपयोग गर्दा नियन्त्रणहरू कानूनद्वारा स्पष्ट रूपमा व्यवस्था गरिएको र अरूको अधिकार वा प्रतिष्ठाको सम्मानका लागि वा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि आवश्यक ठानिएको समयमा मात्र लागू हुनसक्छ भन्ने व्यवस्था गरिएको छ ।

नेपालमा वाक तथा प्रकाशन स्वतन्त्रता वा हकको अवधारणा नेपालमा राणा शासनकालदेखि नै विकसित हुँदै आएको हो । २००७ को जनसंघर्षले ल्याएको परिवर्तनले वाक अर्थात् अभिव्यक्ति गर्न पाउने स्वतन्त्रताका साथै पत्रपत्रिका प्रकाशन गर्न पाउने कानूनी हक नेपाली नागरिकले पाएका हुन् । विश्वका विकसित मुलुकका संविधानले अभिव्यक्ति तथा विचारको स्वतन्त्रता, पत्रपत्रिका तथा छापाखाना सञ्चालनको हक जस्ता मौलिक हक मात्र होइन सूचनाको, हकको व्यवस्था गरेका छन्, तर यो स्वतन्त्रताको संवैधानिक दायरा निकै फराकिलो हुन सकिरहेको छैन । किनभने अभ्यास र प्रयोगमा अनेक घुम्ती र मोडहरुमा अनेकौं समस्या, अवरोध र नियन्त्रणात्मक कानूनी जटिलताहरू रहने गरेको सबैतिर पाइएको छ । अभिव्यक्ति स्वतन्त्रताको दायरा संवैधानिकरुपमा उदार नै रहे पनि यसको उपयोगका लागि नेपाली नागरिकले अनेकौं बाधा अवरोधको





सामना गरिनै रहनुपरेको छ । नेपालको संविधानको धारा १७ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ ।

धारा १७ (२) (क)मा प्रत्येक नागरिकलाई 'विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने' उल्लेख गर्दै प्रतिबन्धनात्मक वाक्यांशमा त्यस्तो अधिकार भएतापनि त्यस व्यवस्थाले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय एकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली-बेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन भनी उल्लेख गरिएको छ ।

नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय एकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायबीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवम् लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । रामकुमारी झाँक्री विद्यार्थी राजनीतिबाट उठेर पार्टी राजनीतिमा आएकी हुन् । उनले आफूलाई राष्ट्रपति र प्रधानमन्त्रीको चर्को र भद्दा आलोचना गरेर चर्चामा ल्याउन खोजेको स्पष्ट देखिन्छ । झाँक्रीको पक्राउपछि अभिव्यक्ति स्वतन्त्रताप्रति सरकार अनुदार भएको टिप्पणी भइरहेको छ । झाँक्रीको पक्राउलाई लिएर सबैजसो राजनीतिक दलले सरकारी रबैया अभिव्यक्ति स्वतन्त्रताप्रति कठोर देखिएको भन्दै आलोचना गरेका छन् । झाँक्रीलाई पक्राउ गरेर सरकारले शीर्ष नेताहरूलाई तर्साउन खोजेको आरोप समेत लागेको छ ।

कतिपय कानूनविद्ले झाँक्रीको पक्राउ राज्य आतंक भएको बताएका छन् । राष्ट्रपतिको मानमर्दन गरेको आरोपमा पक्राउ परेकी नेतृ रामकुमारी झाँक्रीले रिहा भएपछि व्यक्तिको आचरणविरुद्ध बोलिरहने दोहोऱ्याउँदै आफूलाई राजनीतिक प्रतिशोधका आधारमा पक्राउ गरिएको र प्रतिगमनकारीहरूको झुक्ने प्रक्रिया शुरु भएको प्रतिक्रिया दिइन् । नेतृ झाँक्रीले गोरखामा एक कार्यक्रममा दिएको अभिव्यक्तिलाई लिएर उनलाई पक्राउ गर्न केही दिन अघिदेखि नै प्रहरीलाई दबाब परेको थियो । लोकतन्त्रमा राजनीतिमा संलग्न कुनै पनि व्यक्ति वा संस्था आलोचनाभन्दा माथि हुन सक्दैन भन्ने तथ्य स्पष्ट हुँदाहुँदै पनि राजनीतिक आलोचनलाई राज्यविरुद्धको कसुर देख्नु गम्भीर दृष्टिभ्रम, पूर्वाग्रह र स्वेच्छाचारिताबाहेक केही होइन भनेर सरकारी कदमको विरोध गरिएको छ ।

झाँक्रीको अभिव्यक्तिलाई अर्को कोणबाट पनि हेर्न सकिन्छ । एउटा जनताको प्रतिनिधि राष्ट्रपति जस्तो सम्मानित संस्थाप्रति यति गैरजिम्मेवार बन्न निश्चय नै सभ्यताको परिचायक होइन । कोही कसैप्रति अत्यन्त निम्न स्तरको टिप्पणी गर्नु, मानाहानी गर्नु, अपमान गर्नु, निर्लज्जता प्रकट गर्नु उदीयमान नेतृको छवि बनाउन प्रयत्नरत् भएको बुझिँदैन । उनले यसरी बोलिन् कि उनको व्यक्तिगतरुपमा राष्ट्रपतिसँग धेरै ठूलो दुश्मनी छ । राष्ट्रप्रमुखको बदनामी गर्ने र बदनामीको खरानी घसेर आफू चाहिँ सग्लो, सफा, अग्लो भएको भ्रममा जिउनेलाई त केही भन्न सकिन्न । झाँक्रीले एकल महिलाको समेत भाषिकरुपमा हुर्मत लिने काम गरेकी छन् । राष्ट्रपतिविरुद्ध अपमानजनक अभिव्यक्ति दिएर झाँक्रीको प्रसिद्धिको उचाइ बढेन । आफ्नो राजनीतिक जीवन सिध्याएर राष्ट्रपति माथि अत्यन्तै प्रतिशोध राखेको, बदलाभाव राखेको, चरम इख र इर्ष्या भएको प्रतित हुन्छ ।

राजनीतिमा अत्यन्त अस्थायी प्रकृतिको चुरीफुरी काम लाग्दैन, यो त खहरे झैं उर्लिन्छ । सभ्य, शालीन र शान्त प्रकृतिका अभिव्यक्ति कालजयी हुन्छन् । अरुलाई गाली गरेर उचाइ बढ्दैन । २४० वर्षदेखि नेपाली जनताका सम्पूर्ण अधिकार खोसेर तानाशाही व्यवस्था चलाउने राजतन्त्रको विरोध गर्न तत्कालीन राजा वीरेन्द्रलाई चुनावमा लड्न आउन ललकारेको इतिहासको प्रतिध्वनित गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीलाई चुनौति दिनु तुलनीय हुन सक्दैन । नेपालमा अहिले तानाशाही व्यवस्था छैन । भण्डारी गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति हुन् भने यसपछि निश्चय नै अर्को व्यक्ति राष्ट्रपति हुनेछन् । झाँक्रीको अभिव्यक्तिले उनको कद घटाएको छ । आलोचना गर्दा शिष्ट, मर्यादित र सभ्य भाषाको प्रयोग गर्नु राम्रो हो । सामाजिक शिष्टताको गरिमा राख्न सके आफ्नो उचाइ बढ्ने हो, तर गालीगलौजको भाषा प्रयोग गर्दा आफ्नै प्रतिष्ठा गिर्ने हो भन्ने कुरा सार्वजनिक पद र सामाजिक हैसियत प्राप्त गर्न चाहने हरेकले सोच्ने हो ।

*tirthakharel2028@gmail.com*

## रेडक्रस बुद्धशान्ति उपशाखाको २०औं सभा

□ **टंक काफ्ले**

**बुधबारे, फागुन ३।** नेपाल रेडक्रस सोसाइटी बुद्धशान्ति उपशाखाको २०औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

उपशाखा सभापति सीता निरौलाको अध्यक्षता र बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष एवम् सोसाइटीका यशष्कर सदस्य रमेशकुमार भुजेलको प्रमुख आतिथ्यमा सम्पन्न सो साधारणसभामा उपशाखा उपसभापति लोकनाथ गौतमले स्वागत गरेका थिए । दीप प्रज्ज्वलन गरी उद्घाटन गरिएको साधारणसभाका प्रमुख अतिथि भुजेलले रेडक्रस जस्तो सेवामुखी संस्थालाई गाउँपालिकाका तर्फबाट आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रमका विशिष्ट अतिथि नेपाल रेडक्रस सोसाइटी झापा शाखाका सभापति तथा केन्द्रीय सदस्य लोकराज ढकालले वर्तमान परिप्रेक्षमा रेडक्रसको महत्व र गतिविधिहरूको चर्चा गरेका थिए ।

बुद्धशान्ति गाउँपालिकाकी उपाध्यक्ष मिरा भुर्तेल, उपशाखाका निवर्तमान सभापति हरिप्रसाद पोखरेलले शुभकामना मन्तव्य राखेको उक्त साधारणसभामा संस्थाका यशष्कर, विशिष्ट सदस्यहरू , वडाध्यक्ष हरू, कार्यपालिका सदस्यहरुको आतिथ्य रहेको थियो । कोषाध्यक्ष जितबहादुर श्रेष्ठले आर्थिक प्रतिवेदन र अनुमानित बजेट प्रस्तुत गरेको साधारणसभाको सञ्चालन सचिव पुष्पराज भट्टराईले गरेका थिए ।

## उदाउँदै एजाज



बिर्तामोडमा युवा पुस्ताका व्यवसायी मध्ये एजाज अहमद अन्सारी व्यवसायिक क्षेत्रमा उदाउँदो नाम हो । स्मार्ट सटिङ सुटिङ सेन्टर बिर्तामोडका सञ्चालक उनी व्यवसायीको हकहितका साथै समाजसेवामा पनि उत्तिकै क्रियाशील छन् ।

कोही पनि विपन्न, असहाय, वृद्धवृद्धालाई सहयोग गर्न पाउँदा आफूलाई सन्तुष्टि प्राप्त हुने बताउने एजाज इस्लाम धर्म समुदायको भए पनि उनी अन्य धर्मावलम्वीहरुलाई समेत उत्तिकै सम्मान गर्छन्, उनको सद्भाव छ ।

स्मार्ट सटिङ सुटिङ सेन्टरका साथै उनी क्रिएटिभ इन्टरनेशनल एकाडेमी नामक विद्यालयका संस्थापक समेत हुन् । पिता सहीदुल हक अन्सारी र माता मोविना खातुनका पुत्र उनी बिर्तामोड-५ का स्थायी बासिन्दा हुन् । मानिस सफल हुनका लागि सकारात्मक सोच, आफ्नो पेशा व्यवसायमा निरन्तरको लगाव, हुनुपर्छ भन्ने कुरामा जोड दिने उनी हरेक क्षेत्रमा अब युवाको नेतृत्व स्थापित हुनुपर्ने बताउँछन् ।

जीवन निर्वाहका लागि व्यवसाय अनिवार्य भए पनि आफ्नो जीवनको लक्ष्य व्यवसायीको हकहितका साथै सामाजिक र मानवीय सेवा नै भएको उनको भनाइ छ । नेपाल मुस्लिम संघ झापाका उपाध्यक्ष एजाज नेपाल टेलरिङ व्यवसाय संघ झापाका अध्यक्ष छन् । बिर्तामोड उद्योग वाणिज्य संघको कार्य समिति सदस्य रहेका उनी बिर्तामोड जामे मस्जिदको सचिव तथा लायन्स क्लव अफ बिर्तामोडको संयुक्त सचिव रहेका छन् ।

व्यवसायिक तथा सामाजिक र मानवीय क्षेत्रमा उनले पुऱ्याएको योगदानको कदर गरेर नेपाल कपडा तथा सिलाइ व्यवसायी महासंघ, वीरता जेसीज लगायतका संस्थाले उनलाई सम्मान समेत गरेको छ ।

## कृषि बजारमा एनएमबीको कारोबार

**बिर्तामोड, फागुन ३।** एनएमबी बैंकले नगदरहित कारोवारलाई प्रवर्द्धन गर्ने उद्देश्यसहित बिर्तामोड कृषि बजारमा क्षेत्रमा क्युआर मार्फत नगदरहित भुक्तानीलाई प्रवर्द्धन गर्न एक कार्यक्रमको आयोजना गरेको छ ।

बिर्तामोड कृषि बजार व्यवस्थापन समितिका अध्यक्ष कमलप्रसाद पौडेलको सभापतित्व रहेको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड न.पा. वडा नं. ५ का अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, विशिष्ट अतिथि एनएमबी बैंक प्रदेश १ प्रमुख उत्सव घिमिरे लगायतको उपस्थिति रहेको थियो ।

बैंकले साना तथा मझौला उद्यमीलाई विगतदेखि केन्द्रविन्दुमा राखेर सहकार्य गर्दै आएको छ । उक्त परियोजनाको अभिन्न अंगको रुपमा नगदरहीत कारोवार प्रवर्द्धन तथा साक्षरता विस्तार गर्ने उद्देश्यले आयोजित कार्यक्रममा क्युआर कोड मार्फत साना तथा मझौला उद्यमीहरुलाई डिजिटल बैंकिङ्ग तर्फ प्रोत्साहन गर्ने बैंकको प्रयास रहेको छ ।

कार्यक्रमको औपचारिक शुभारम्भ बैंकका प्रदेश १ प्रमुख घिमिरेले कृषि व्यवसायी अमरबहादुर तामाङको पसलमा विद्युतीय भुक्तानीको प्रयोग गरी सामान खरिद गरेर गरेका थिए । कार्यक्रमको सञ्चालन प्रदेश १ का एरिया म्यानेजर मेघराज तिम्सिनाले गरेका थिए ।

## अर्जुनधारामा व्यवसायिक कुखुरापालन तालिम

**अर्जुनधारा, फागुन ३।** नगरमा रहेका कृषकहरुलाई व्यवसायिक कुखुरापालनबारे ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले नगर पशुपन्छी, मत्स्य तथा कछुवा विकास शाखाको आयोजनामा सञ्चालित व्यवसायिक कुखुरापालन तालिम सम्पन्न भएको छ ।

शाखा प्रमुख पदमलाल राई र डा.रवीन राईले सहजीकरण गरेको तालिममा ३५ जनाको सहभागिता रहेको थियो । तालिममा चल्ला हुर्काउने तरिका, खोरको व्यवस्थापन, दाना र पानीको व्यवस्थापन, रोगको उपचार र भ्याक्सिन, व्यवसायिक योजना लगायतका विषयमा सहभागीहरुलाई जानकारी गराइएको सहजकर्ता प्रमुख राईले जानकारी दिए ।

त्यसैगरी कार्यक्रममा नगरपालिकाले सञ्चालन गर्न लागेको नगरस्तरीय विशेष सहकारीको औचित्य बारे शाखा प्रमुख राईले जानकारी दिए । कार्यक्रममा चन्द्रबहादुर कार्की र मन्दिरा बस्नेतले तालिमको अनुभव प्रस्तुत गरेका थिए । नगर आर्थिक समितिकी संयोजक दिलमाया दासको अध्यक्षतामा भएको कार्यक्रममा अर्जुनधारा प्रेस क्लबका उपाध्यक्ष रमेश समदर्शी लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शाखा प्रमुख राईले गरेका थिए ।

## सामुहिक उद्धार तथा उपकार संघको सभा

**झापा, फागुन ३।** सामुहिक उद्धार तथा उपकार संघ अर्जुनधारा-७ को ११औं वार्षिक साधारण संघका अध्यक्ष विशाल शिवाकोटीको सभापतित्वमा सम्पन्न भएको छ ।

जेसीज पूर्व अध्यक्ष समाज झापाका अध्यक्ष विनोद बस्नेतको प्रमुख आतिथ्य रहेको कार्यक्रममा शिवाकोटीले अध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा विशाल कृषि सहकारी संस्थाका अध्यक्ष देवेन्द्र गौतम, अर्जुनधारा वडा नं. ७ का अध्यक्ष नवराम ढुंगाना, नगरपालिकाका कृषि शाखा प्रमुख उर्मिला राजवंशी, अर्जुनधारा जलेश्वर धामका मूल अर्चक अग्नि सिग्देल, शनिश्चरे उद्योग वाणिज्य संघका सचिव चतुर्भुज काफ्ले, समाज उद्धार कल्याण संघका अध्यक्ष धर्मानन्द गुरागाँईले शुभकामना मन्तव्य राखेका थिए ।



सामुहिक उद्धार तथा उपकार संघले एकआपसमा ऐंचोपैंचो नामकरण गरेर आफ्ना सदस्यहरुलाई सेवा प्रवाह गर्दै आएकोमा यसलाई व्यवस्थित गर्ने लक्ष्यका साथ विशाल कृषि सहकारी संस्थाको सेवा कार्यालयको समेत उद्घाटन गरिएको छ । प्रमुख अतिथि बस्नेत र विशेष अतिथि गौतमले संयुक्त रुपमा दीप प्रज्ज्वलन गरेर उद्घाटन गरेको कार्यक्रममा संघका उपाध्यक्ष रमेश त्रिखत्रीले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन संघकी सदस्य उर्मिला दाहालले गरेकी थिइन् ।

यौटा सृष्टि विधान रचेर किन हो, जाँदा यहाँ कष्ट भो । रोजी फूल थियो झर्‍यो नियतीले, संहार भो नष्ट भो ।।
हामीलाई दिएर मार्ग पथको, यात्रा सिकाई दियौ । हामीबाट कसोरी झट्ट अहिले, बिदा नमागी गयौ ।।

# भावपूर्ण श्रद्धाञ्जलि/कृतज्ञता



**जन्म**
**२०२२ असार २२**
**संक्रान्ती-६, तेह्रथुम**

**स्वर्गारोहण**
**२०७७ माघ २१**
**बिर्तामोड-३, झापा**

## स्व. पर्शुराम सिटौला

मेरा प्रातः स्मरणीय पति/हाम्रा पिता/ हजुरबुवा/दाजु/बडीबुवा **पर्शुराम सिटौला**को यही मिति २०७७ साल माघ २१ गते बुधबारका दिन भएको अकल्पनीय निधनले हामीलाई अत्यन्त मर्माहत एवम् स्तब्ध बनाएको छ । पितृवियोगको यस दुःखद् क्षणमा गतात्माको बैकुण्ठबास र सायुज्य मुक्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

हामीलाई पर्न गएको पितृवियोगको कष्टपूर्ण क्षणमा हाम्रो परिवारप्रति सद्भाव, सहानुभूति, समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नातागोता, छरछिमेक, शुभेच्छुक, इष्टमित्र, वन्धुवान्धव, संघ-संस्था, राजनीतिक दल एवम् प्रतिनिधिहरूप्रति आभारसहित कृतज्ञता जाहेर गर्दछौं ।

श्रीमती : **पुण्यवती सिटौला**

छोरा : **शैलेन्द्र सिटौला**
छोरी : **एलीजा सिटौला**
छोरी/ज्वाइँ : **सलीजा–कृष्ण खड्का**
नाति : **मिरिप खड्का**
नातिनी : **अभियन्ता खड्का**

दाजु : **बेनुप्रसाद सिटौला**
भाइ-बुहारी : **प्रकाश–मिरा सिटौला**
भतिज/भतिजी बुहारी :
**समिर– हिना सिटौला**
**संजीप–जस्मिना सिटौला**

दिदी-भिनाजु :
**मिरा–जयप्रसाद मैनाली**
**अम्बिका–शंकर प्रसाई**
**धर्मकला–रङ्गलाल ओली**
**पुण्यप्रभा–कृष्ण पाठक**
**होमा–डा. रामनारायण कन्दङ्वा**

एवम्

## समस्त सिटौला परिवार, बिर्तामोड नगरपालिका–३, झापा



ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला । पारिवारिक असमझदारीले काममा अप्ठ्यारो पर्न सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बेसुरमा काम गर्ने बानीले पनि मेहनत खेर जानेछ । इर्ष्या गर्नेहरूले अवरोध पुर्‍याउन सक्छन् । बुद्धिको उपयोगले काम सम्पादन हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
महत्वाकांक्षी योजनामा अघि नबढ्नुहोला । पछि लाभ हुने काम प्रारम्भ गर्न सकिनेछ । यात्राको अवसर आउला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
पुरुषार्थी काम गर्दै लोकप्रियता हासिल गर्ने समय छ । अग्रज तथा सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
व्यापारमा थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् र लाभांश प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । सामाजिक दायित्व बढ्नेछ । प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिचान हुनेछ । मेहनतले सम्मानित स्थान दिलाउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । आर्थिक गतिविधिले फाइदा दिनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
सुखद् समाचारले उत्साह जगाउनेछ । समयको महत्वलाई ख्याल गर्नुहोला, दिगो काम प्रारम्भ हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
काममा विलम्ब भए पनि पहिलेको सफलताले हौसला जगाउनेछ । रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ, सहयोगीहरूले साथ दिनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पहिलेका कमजोरी सुधार गर्दै फाइदा उठाउने समय छ । स्वादिष्ट भोजनको आनन्द मिल्नेछ ।